जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

मार्गानुगामी

राष्ट्रिय ३ दैनिक

MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईंलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।

मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८१०५३५५००
इमेल : *mgnd2070@gmail.com*

बर्ष: १३, अंक: १४१ पृष्ठ: ४ २०८३ असोज ०८ बिहीबार (Thursday 24 Sept. 2026) **मूल्य रु. ५।-** *इमेल :* mgnd2070@gmail.com

कमला पुल निर्माण अन्तिम चरणमा



लहान, ७ असोज। मधेशको जीवनरेखाका रूपमा रहेको हुलाकी राजमार्गअन्तर्गत सिरहा र धनुषा जोड्ने कमला पुलको निर्माण कार्य अन्तिम चरणमा पुगेको छ। सिरहा क्षेत्र नं. १ का सांसद बब्लु गुप्ता र क्षेत्र नं. २ का सांसद शिवशंकर (शिव) यादवको सचिवालयका अनुसार पूर्वाधार विकासमन्त्री सुनिल लम्सालसँग भएको छलफलपछि पुल निर्माणको बाँकी कामले गति लिएको हो। पुल आगामी मङ्सिर महिनादेखि सञ्चालनमा ल्याउने गरी काम भइरहेको सचिवालयले जनाएको छ।

सांसदद्वय गृह जिल्ला आउँदा १५ वर्षदेखि रुग्ण अवस्थामा रहेको कमला पुल कहिले सञ्चालनमा आउँछ भन्ने प्रश्न स्थानीयस्तरबाट उठ्दै आएको थियो। त्यसपछि पुल सञ्चालनका लागि पहल भइरहेको र आगामी मङ्सिरदेखि पुल सञ्चालनमा ल्याउने तयारी भएको जनाइएको छ। सांसद गुप्ताको सचिवालयका प्रमुख कृष्णा यादवका अनुसार ठेकेदार कम्पनी र बीमा कम्पनीबीचको कानुनी विवादका कारण आयोजना लामो समयदेखि रुग्ण अवस्थामा रहेको थियो। पूर्वाधार विकास मन्त्रालयले आयोजनाको मुख्य समस्या पहिचान गरी निर्माण कम्पनीलाई आवश्यक सहजीकरण गरेपछि बाँकी निर्माण कार्यले गति लिएको हो।

नदीमा भाँचिएको दश नम्बरको पिलर उठाउने काम सम्पन्न भएको छ भने सबस्ट्रक्चरको ढलान कार्यसमेत सकिएको छ। पुलको फाउन्डेसनसहित तीन वटा पिलरको सबलीकरणको काम सम्पन्न भइसकेको छ। अब सुपर स्ट्रक्चरको स्ल्याबमाथि ढलान गर्ने काम मात्र बाँकी रहेको जनाइएको छ। आगामी साता नदीमा पानीको सतह घटेपछि उक्त कामसमेत सम्पन्न गरिनेछ। धनुषातर्फ पुलसम्मको पहुँच सडकका लागि भरिएको माटो वर्षाको पानीले बगाएर क्षति पुगेको छ। नदीमा पानीको सतह घटेपछि पुनः माटो भर्ने काम गरिनेछ। सिराहातर्फ पुलको पहुँच सडकमा माटो भर्ने काम सम्पन्न भइसकेको छ। पुलको लोड परीक्षणसमेत सम्पन्न भएको जनाइएको छ।

अबको दुई महिनाभित्र पुललाई औपचारिक रूपमा सञ्चालनमा ल्याउने गरी निर्माण कार्य अन्तिम चरणमा पुगेको हो। कमला पुल निर्माणको ठेक्का २०६८ सालमा पप्पु लुम्बिनी जेभीले लिएको थियो। २०७८ साल असारमा पुल उद्घाटनको तयारी भइरहेका बेला पिलर भाँचिएपछि आयोजना रुग्ण अवस्थामा पुगेको थियो। सरकारले आयोजनामा भइरहेको ढिलाइको मुख्य समस्या पहिचान गरी आवश्यक सहजीकरण गरेपछि निर्माण कार्यले गति लिएको हो।

मन्त्रालयले पुल निर्माणसँगै कमला नदी नियन्त्रणको कामसमेत अघि बढाएको छ। नदी

–बाँकी तीन पेजमा

रसुवा बाढीपीडितका लागि २ लाख ५९ हजार ७ सय ७० रुपैयाँ सहयोग



शम्भु चौधरी

सिरहा ७ असोज। भदौ १० गते रसुवामा आएको विनासकारी बाढी तथा पहिरोबाट प्रभावित परिवारका लागि नेपाली कांग्रेस सिरहा क्षेत्र नं १ ले २ लाख ५९ हजार ७ सय ७० रुपैयाँ आर्थिक सहयोग गरेको छ। बाढी तथा पहिरोका कारण रसुवाका विभिन्न क्षेत्रमा ठूलो जनधनको क्षति

–बाँकी तीन पेजमा

लहान दुर्गा मन्दिरको निर्माण कार्य ९० प्रतिशत सम्पन्न

शम्भु चौधरी

लहान ७ असोज। लहान ७ स्थित दुर्गा मन्दिरको निर्माण तथा पुनर्निर्माण कार्य करिब ९० प्रतिशत सम्पन्न भएको छ। निर्माण कार्य अन्तिम चरणमा पुगेसँगै मन्दिरको स्वरूप आकर्षक बन्दै गएको लहान नगर पालिकाका नगर प्रमुख महेश प्रसाद चौधरीले बताएका छन्। मन्दिर निर्माण सम्पन्न भएपछि धार्मिक तथा सांस्कृतिक गतिविधिका लागि स्थानीयवासीलाई थप सहज हुने अपेक्षा गरिएको छ। मन्दिर परिसरलाई व्यवस्थित तथा आकर्षक बनाउन आवश्यक संरचना निर्माण, सजावट लगायतका कामहरू समेत अघि बढाइएको जनाइएको छ।



निर्माणको अधिकांश काम सम्पन्न भइसकेकाले बाँकी रहेका कामहरू पनि छिट्टै पूरा गर्ने तयारी भइरहेको छ। मन्दिर निर्माण सम्पन्न भएपछि लहान तथा आसपासका क्षेत्रका श्रद्धालु भक्तजनका लागि महत्वपूर्ण तथा पवित्र धार्मिक स्थलका रूपमा थप विकास हुने विश्वास गरिएको छ। मंगलबार नगर प्रमुख, वडा जनप्रतिनिधि,राजनितिक दलका प्रतिनिधि तथा पत्रकार महासंघ सिरहा शाखाका सभापति लगायत

–बाँकी दुई पेजमा



GUPTA BROTHER'S AUTO TRADE
Mirchaiya, 033-550744 | 9801552812

चाडपर्व मनाऔं: सामाजिक सद्भाव कायम राखौं

- आ–आ ना धर्म, संस्कृति, परम्परा र मौलिकताको सम्मान गर्दै चाडपर्व मनाऔं,
- चाडपर्वका अवसरमा परिवार, आफन्त र समुदायबीच प्रेम, सद्भाव र भाइचारा बढाऔं,
- धार्मिक तथा सांस्कृतिक विविधतालाई साझा सम्पत्तिका रूपमा सम्मान गरौं,
- चाडपर्वका नाममा हुने भेदभाव, वैमनस्यता, झैं–झगडा र हिंसाबाट टाढा रहौं,
- सामाजिक सञ्जालमा घृणा, अफवाह तथा विभाजनकारी सामग्री फैलाउने कार्य नगरौं,
- मितव्ययी, सुरक्षित र सभ्य ढंगले आपसी सम्मान र सद्भावकासाथ चाडपर्व मनाऔं।
- चाडपर्वको खुसी बाँडौं, सामाजिक सद्भाव र राष्ट्रिय एकता बलियो बनाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

सम्पादकीय

अलपत्र शीतभण्डार, जवाफदेही को?

मधेस प्रदेशका किसानको कृषि उपज सुरक्षित राख्ने, उचित मूल्य दिलाउने र बजारको जोखिम घटाउने उद्देश्यले अघि बढाइएको शीतभण्डार निर्माण कार्यक्रम अहिले राज्यको कमजोर योजना, कार्यान्वयन र जवाफदेहिताको उदाहरण बनेको छ। लहान नगरपालिका–११ पडरियामा सात वर्षअघि शिलान्यास गरिएको शीतभण्डार आज अधुरा संरचना, झाडी र पशु चराउने ठाउँमा सीमित हुनु विकास आयोजना सञ्चालनको विडम्बना हो। अझ गम्भीर पक्ष त के छ भने, शीतभण्डार निर्माणका लागि आफ्नै उब्जाउ जग्गा ३० वर्षका लागि दिएका आठ किसानले सात वर्षदेखि न भाडा पाएका छन्, न आफ्नो जग्गामा खेती गर्न पाएका छन्।

सरकारले आयोजना अघि बढाउँदा त्यसबाट किसानले पाउने प्रत्यक्ष लाभलाई प्राथमिकतामा राखेको देखिन्थ्यो। सिरहा र सप्तरीका किसानले आँप, आलु तथा मौसमी तरकारीलगायत कृषि उपज सस्तो मूल्यमा बेच्नुपर्ने वा बजार नपाएर खेर फाल्नुपर्ने बाध्यता अन्त्य गर्ने उद्देश्य आफैंमा सकारात्मक थियो। तर उद्देश्य जति राम्रो भए पनि योजना छनोट, पूर्वतयारी, कानुनी प्रक्रिया, लगानीको सुनिश्चितता र कार्यान्वयन क्षमता कमजोर भयो भने त्यसको परिणाम यस्तै हुन्छ। रु १७ करोडभन्दा बढीको लागतमा निर्माण गर्ने सम्झौता भएको आयोजनामा पहिलो किस्ताको रु एक करोड खर्चिएर प्रारम्भिक संरचना बनाइएपछि काम रोकिएको विषयले राज्यको योजना प्रणालीमाथि नै प्रश्न उठाएको छ।

लहानको समस्या एउटा आयोजनामा सीमित छैन। मधेस प्रदेशका सात जिल्लामा अघि बढाइएका आठ शीतभण्डारमध्ये अधिकांश वर्षौंदेखि अधुरै छन्। करिब रु एक अर्ब ८० करोड बराबरको सम्झौता भएका आयोजनाहरू कतै फाउन्डेसनमा, कतै माटो फिलिङ र कम्पाउन्ड वालमा सीमित छन्। केही आयोजनामा ठूलो रकम भुक्तानी भइसकेको छ, तर किसानले त्यसको प्रतिफल पाउन सकेका छैनन्। विकासका नाममा बजेट खर्च हुँदै जाने तर आयोजना सञ्चालनमा नआउने प्रवृत्ति सार्वजनिक स्रोतको उपयोगमाथि गम्भीर प्रश्न हो। अझ दुःखद अवस्था ती किसानको हो, जसले आफ्नो उत्पादनशील जग्गा सरकारको योजनामा विश्वास गरेर दिएका छन्। पडरियाका किसानले प्रतिकट्ठा वार्षिक रु आठ हजारका दरले जग्गा भाडामा दिने सम्झौता गरेका थिए। तर सात वर्षसम्म भाडा नपाउनु र त्यही जग्गामा खेतीसमेत गर्न नपाउनु उनीहरूमाथि थप अन्याय हो। आयोजना असफल हुँदा राज्यको लगानी मात्र जोखिममा पर्दैन, नागरिकको विश्वास पनि कमजोर हुन्छ। किसानले सरकारको योजनामा भरोसा गरेर गरेको निर्णयको मूल्य उनीहरूले नै तिर्नुपर्ने अवस्था आउनु स्वीकार्य हुन सक्दैन।

निर्माणस्थल संरक्षणविहीन भएर निर्माण सामग्री चोरी हुनु अर्को गम्भीर विषय हो। सार्वजनिक लगानीबाट निर्माण सुरु भएको संरचना संरक्षण गर्नसमेत नसक्नु सम्बन्धित निकायको लापरवाही हो। आयोजना रोकिएको अवस्थामा बाँकी संरचना र सामग्रीको संरक्षण, जग्गादाताको हित तथा सार्वजनिक सम्पत्तिको सुरक्षा तत्काल सुनिश्चित हुनुपर्छ। निर्माण अघि बढाउन नसक्ने हो भने पनि राज्यले 'छाडेर हिँड्ने' सुविधा पाउनु हुँदैन। यस प्रकरणमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग र महालेखापरीक्षकका प्रश्नसमेत उठिसकेका छन्। योजना छनोट, लागत निर्धारण, सम्झौता र भुक्तानी प्रक्रियामा देखिएका कमजोरीबारे छानबिन हुनु स्वाभाविक हो। तर छानबिन वा कानुनी प्रक्रिया चलिरहेको भन्दै आयोजना अनिश्चितकालसम्म अलपत्र राख्नु समाधान होइन। दोषी देखिए कानुनी कारबाही हुनुपर्छ, तर त्यसको आडमा सार्वजनिक सम्पत्ति र किसानको जग्गा वर्षौंसम्म निष्क्रिय राखिनु हुँदैन।

अब प्रदेश सरकारले प्रत्येक शीतभण्डार आयोजनाको वास्तविक अवस्था सार्वजनिक रूपमा समीक्षा गर्नुपर्छ। कुन आयोजनामा कति रकम सम्झौता भयो, कति भुक्तानी भयो, कति काम भयो, कहाँ कानुनी समस्या छ र अब कसरी अघि बढाउने भन्ने स्पष्ट कार्ययोजना आवश्यक छ। सम्भव आयोजनालाई समयसीमा तोकेर पूरा गर्ने, असम्भव वा अनुपयुक्त आयोजनाको हकमा वैधानिक प्रक्रिया पूरा गरी वैकल्पिक व्यवस्थापन गर्ने र अनियमितता भए जिम्मेवार पक्षबाट जवाफदेहिता सुनिश्चित गर्ने काम ढिला गर्नु हुँदैन।

विशेषगरी पडरियाका आठ किसानको जग्गा र भाडाको विषयलाई राज्यले प्राथमिकतामा राख्नुपर्छ। आयोजना पुनः सञ्चालन हुने भए स्पष्ट समयसीमा र किसानको भाडा भुक्तानीको सुनिश्चितता हुनुपर्छ। आयोजना अघि बढाउन नसकिने अवस्था भए किसानलाई क्षतिपूर्ति तथा जग्गा फिर्ताको कानुनी बाटो तत्काल खोलिनुपर्छ।

शीतभण्डार केवल भवन होइन, कृषि उत्पादनको मूल्य शृंखला र किसानको आम्दानीसँग जोडिएको पूर्वाधार हो। त्यसैले यस्ता आयोजना राजनीतिक घोषणा र बजेट विनियोजनमा मात्र सीमित हुनुहुँदैन। योजना छनोटदेखि निर्माण सम्पन्न र सञ्चालनसम्म प्रत्येक तहमा जिम्मेवारी तोकिनुपर्छ। सात वर्षदेखि अलपत्र पडरियाको शीतभण्डारले अब एउटा स्पष्ट प्रश्न सोधिरहेको छ— सार्वजनिक लगानी, किसानको जग्गा र नागरिकको विश्वासको जिम्मेवारी कसले लिने?

संयुक्त राष्ट्रसंघ महासभामा नेपालको आवाज र राष्ट्रिय हित



शंकर भण्डारी

हरेक वर्ष सेप्टेम्बरमा संयुक्त राज्य अमेरिकाको न्युयोर्कस्थित संयुक्त राष्ट्रसंघको मुख्यालय विश्व कूटनीतिको केन्द्र बन्छ। विश्वका राष्ट्रप्रमुख, सरकार प्रमुख, परराष्ट्रमन्त्री तथा उच्च सरकारी प्रतिनिधिहरू एउटै मञ्चमा भेला भएर युद्ध र शान्ति, विकास, जलवायु परिवर्तन, मानवअधिकार, खाद्य सुरक्षा, अन्तर्राष्ट्रिय व्यापार र विश्वव्यापी सहकार्यका विषयमा छलफल गर्छन्। फरक राजनीतिक, आर्थिक र भौगोलिक अवस्था भएका राष्ट्रलाई एउटै मञ्चमा ल्याएर साझा समस्या समाधानका लागि संवाद र सहमतिको अवसर प्रदान गर्ने भएकाले महासभा विश्वको महत्त्वपूर्ण बहुपक्षीय कूटनीतिक मञ्च बनेको छ। सन् २०२६ मा यसको ८१औँ अधिवेशन सञ्चालनमा रहँदा युद्ध, जलवायु संकट, विकासको असमानता र नयाँ प्रविधिबाट उत्पन्न चुनौतीबीच अन्तर्राष्ट्रिय सहकार्यको आवश्यकता अझ स्पष्ट देखिएको छ।

१९३ राष्ट्रको साझा मञ्च

दोस्रो विश्वयुद्धपछि त्यस्तो विनाश दोहोरिन नदिन अन्तर्राष्ट्रिय सहकार्य आवश्यक ठानी सन् १९४५ मा संयुक्त राष्ट्रसंघ स्थापना भयो। यसको बडापत्रले महासभालाई प्रमुख अंगका रूपमा स्थापित गऱ्यो। अहिले संयुक्त राष्ट्रसंघमा १९३ सदस्य राष्ट्र छन् र प्रत्येक राष्ट्रले महासभामा एक मत पाउँछ। आर्थिक शक्ति, जनसंख्या वा सैनिक क्षमताका आधारमा मतको संख्या फरक हुँदैन। यही समान मताधिकार महासभाको प्रमुख विशेषता हो।

महासभाले विश्वका राजनीतिक, आर्थिक, सामाजिक, मानवीय तथा वातावरणीय विषयमा छलफल गर्छ र प्रस्ताव पारित गर्छ। यसले संयुक्त राष्ट्रसंघको बजेट स्वीकृत गर्ने, सुरक्षा परिषद्का अस्थायी सदस्य निर्वाचित गर्ने तथा सुरक्षा परिषद्को सिफारिसमा महासचिव नियुक्त गर्ने काम पनि गर्छ। महासभाका सबै प्रस्ताव राष्ट्रिय कानुनजस्तै बाध्यकारी नहुने भए पनि यसले अन्तर्राष्ट्रिय सहमति निर्माण, विश्वव्यापी मापदण्ड विकास र कूटनीतिक सहकार्यमा महत्त्वपूर्ण भूमिका खेल्छ। सन् १९४८ को मानवअधिकारको विश्वव्यापी घोषणापत्र तथा सन् २०१५ का दिगो विकासका १७ लक्ष्य यसको उदाहरण हो।

सन् १९५५ देखि विश्वमञ्चमा

नेपाल १४ डिसेम्बर १९५५ मा संयुक्त राष्ट्रसंघको सदस्य बनेको हो। त्यसयता सात दशकभन्दा बढी समयदेखि नेपालले महासभामार्फत आफ्नो राष्ट्रिय दृष्टिकोण अन्तर्राष्ट्रिय समुदायसमक्ष प्रस्तुत गर्दै आएको छ। नेपालको भौगोलिक अवस्था र विकाससम्बन्धी चुनौतीका कारण महासभा नेपालको परराष्ट्र नीतिका लागि विशेष महत्त्वको मञ्च हो।

नेपाल हिमालयमा अवस्थित जलवायु जोखिमयुक्त राष्ट्र हुनुका साथै समुद्रसम्म प्रत्यक्ष पहुँच नभएको भूपरिवेष्ठित विकासोन्मुख राष्ट्र पनि हो। यससँगै नेपालले लामो समयदेखि संयुक्त राष्ट्रसंघीय शान्ति स्थापना अभियानमा सेना तथा सुरक्षाकर्मी पठाउँदै आएको छ। त्यसैले महासभामा नेपालको सहभागिता शान्ति र सुरक्षादेखि जलवायु, व्यापार र विकाससम्मका राष्ट्रिय सरोकारसँग जोडिएको छ।

शान्ति स्थापनामा नेपालको योगदान

अन्तर्राष्ट्रिय शान्ति स्थापनामा नेपालको योगदान नेपालको महत्त्वपूर्ण विश्वव्यापी भूमिकामध्ये एक हो। नेपालले विभिन्न द्वन्द्वग्रस्त क्षेत्रमा संयुक्त राष्ट्रसंघीय शान्ति अभियानअन्तर्गत नेपाली सेना तथा प्रहरी परिचालन गर्दै आएको छ।

यस अनुभवका आधारमा नेपालले महासभामा शान्ति स्थापना, द्वन्द्व व्यवस्थापन तथा अन्तर्राष्ट्रिय सुरक्षासम्बन्धी विषयमा आफ्नो धारणा राख्न सक्छ। शान्ति अभियानमा खटिने सुरक्षाकर्मीको सुरक्षा, पर्याप्त स्रोतसाधन, आधुनिक प्रविधिको प्रयोग तथा योगदान गर्ने राष्ट्रहरूको निर्णय प्रक्रियामा उचित प्रतिनिधित्व नेपालका महत्त्वपूर्ण चासोका विषय हुन्।

हिमालय र जलवायु संकट

जलवायु परिवर्तन नेपालका लागि अर्को प्रमुख अन्तर्राष्ट्रिय सरोकार हो। विश्वव्यापी हरितगृह ग्यास उत्सर्जनमा नेपालको योगदान न्यून भए पनि हिमाली क्षेत्रमा जलवायु परिवर्तनका असर गम्भीर बन्दै गएका छन्। हिमनदी पग्लिने, हिमतालको जोखिम बढ्ने, पानीका स्रोतमा परिवर्तन आउने, बाढी तथा पहिरोको जोखिम बढ्ने र कृषि तथा पर्वतीय जनजीवन प्रभावित हुने समस्या नेपालका प्रत्यक्ष राष्ट्रिय सरोकार हुन्।

त्यसैले नेपालले जलवायु परिवर्तनलाई वातावरणीय विषयमा मात्र सीमित नराखी पानी, कृषि, खाद्य सुरक्षा, पर्यटन, पूर्वाधार र राष्ट्रिय सुरक्षासँग जोडेर अन्तर्राष्ट्रिय मञ्चमा प्रस्तुत गर्न सक्छ। जलवायु वित्त, प्रविधि हस्तान्तरण, अनुकूलनका लागि सहयोग तथा हिमाली क्षेत्रको विशेष संवेदनशीलतालाई अन्तर्राष्ट्रिय नीतिमा उचित स्थान दिलाउनु नेपालको महत्त्वपूर्ण कूटनीतिक चासो हो।

२०२६ : आर्थिक संक्रमणको वर्ष

सन् २०२६ नेपालका लागि आर्थिक कूटनीतिको दृष्टिले महत्त्वपूर्ण वर्ष हो। नेपाललाई २४ नोभेम्बर २०२६ मा अल्पविकसित राष्ट्रको सूचीबाट स्तरोन्नति गर्ने समय निर्धारण गरिएको थियो तर नेपालले थप तयारीका लागि समय मागेको छ। यस सम्बन्धमा विकास नीतिविषयक संयुक्त राष्ट्रसंघीय प्रक्रियाले नेपालको तयारी र संक्रमण व्यवस्थापनलाई ध्यानमा राखेर थप समयसम्बन्धी प्रक्रिया अघि बढाएको छ।

अल्पविकसित राष्ट्रको हैसियतसँग जोडिएका विशेष व्यापारिक सुविधा, विकास सहयोग तथा अन्य अन्तर्राष्ट्रिय समर्थन स्तरोन्नतिपछि परिवर्तन हुन सक्ने भएकाले नेपालको मुख्य चुनौती संक्रमणलाई व्यवस्थित बनाउनु हो। निर्यात विस्तार, उत्पादन क्षमता वृद्धि, रोजगारी सिर्जना, विदेशी लगानी आकर्षण, पूर्वाधार, शिक्षा, सीप र प्रविधिमा सुधार गर्दै अर्थतन्त्रलाई थप प्रतिस्पर्धी बनाउनु आवश्यक हुनेछ।

यस अवस्थामा महासभा नेपालका लागि स्तरोन्नतिको विषय प्रस्तुत गर्ने मञ्चमात्र नभएर स्तरोन्नतिपछिको आर्थिक संक्रमणलाई सुरक्षित र दिगो बनाउन अन्तर्राष्ट्रिय सहयोग खोज्ने मञ्च पनि बन्न सक्छ।

भूपरिवेष्ठित राष्ट्रको सरोकार

समुद्रसँग प्रत्यक्ष पहुँच नभएका कारण नेपाल अन्तर्राष्ट्रिय व्यापारका लागि छिमेकी मुलुकका पारवहन मार्ग र बन्दरगाहमा निर्भर रहनुपर्छ। यसले व्यापार लागत, ढुवानी समय, पूर्वाधार र क्षेत्रीय सम्पर्कलाई नेपालको अर्थतन्त्रसँग प्रत्यक्ष जोड्छ। त्यसैले नेपालले महासभामा सहज पारवहन, क्षेत्रीय सडक तथा रेल सम्पर्क, व्यापार लागत घटाउने उपाय, डिजिटल सम्पर्क, पूर्वाधार विकास र अन्तर्राष्ट्रिय बजारमा पहुँचजस्ता विषय उठाउन सक्छ। यी विषयमा अन्तर्राष्ट्रिय सहकार्य र छिमेकी मुलुकसँगको प्रभावकारी कूटनीतिक सम्बन्ध नेपालको आर्थिक विकासका महत्वपूर्ण आधार हुन्।

नेपालको शान्ति अनुभव

नेपालले दशक लामो सशस्त्र द्वन्द्वपछि शान्ति प्रक्रियामार्फत राजनीतिक परिवर्तन गरेको अनुभव पनि अन्तर्राष्ट्रिय समुदायसमक्ष प्रस्तुत गर्न सकिने महत्त्वपूर्ण विषय हो। शान्ति सम्झौता, संविधान निर्माण, राजनीतिक संक्रमण तथा पूर्वलडाकुको व्यवस्थापनजस्ता क्षेत्रमा नेपालले आफ्नै अनुभव हासिल गरेको छ। यस अनुभवका आधारमा नेपालले द्वन्द्वपछिको शान्ति निर्माणसम्बन्धी अन्तर्राष्ट्रिय बहसमा योगदान गर्न सक्छ। आफ्नो अनुभवका उपलब्धि, चुनौती र अझै समाधान गर्न बाँकी विषयलाई तथ्यमा आधारित रूपमा प्रस्तुत गर्नु नेपालको कूटनीतिक विश्वसनीयताका लागि महत्वपूर्ण हुन सक्छ।

भाषणभन्दा परिणाम

महासभामा नेपालको सहभागिताको वास्तविक महत्त्व भाषणको लम्बाइमा होइन त्यसबाट प्राप्त परिणाममा देखिनुपर्छ। नेपालले आफ्ना राष्ट्रिय मुद्दालाई कति प्रभावकारी रूपमा अन्तर्राष्ट्रिय एजेन्डामा पुऱ्यायो, कति ठोस सहकार्य निर्माण भयो, जलवायु र विकासका विषयमा कस्ता प्रतिबद्धता प्राप्त भए तथा शान्ति अभियानमा नेपालको योगदानले कस्तो कूटनीतिक प्रभाव पाऱ्यो भन्नेजस्ता प्रश्न महत्त्वपूर्ण हुन्छन्। सबैभन्दा महत्त्वपूर्ण कुरा, अन्तर्राष्ट्रिय मञ्चमा गरिएका प्रतिबद्धता नेपालभित्र नीति, लगानी, रोजगारी, पूर्वाधार, प्रविधि र नागरिकको जीवनमा देखिने परिणाममा रूपान्तरण हुनुपर्छ। त्यसो भए मात्र महासभामा नेपालको सहभागिताले व्यावहारिक अर्थ पाउँछ।

निष्कर्ष : न्युयोर्कदेखि नेपालसम्म

आज नेपालको अन्तर्राष्ट्रिय प्राथमिकतामा हिमाली जलवायु जोखिम, अल्पविकसित राष्ट्रबाट स्तरोन्नतिपछिको आर्थिक संक्रमण, अन्तर्राष्ट्रिय व्यापार, पारवहन, विकास वित्त र शान्ति स्थापनाजस्ता विषय एकसाथ जोडिएका छन्। यी विषयलाई एउटै स्पष्ट राष्ट्रिय कूटनीतिक दृष्टिकोणमार्फत अन्तर्राष्ट्रिय समुदायसमक्ष प्रस्तुत गर्नु नेपालको पहिलो आवश्यकता हो।

महासभामा नेपालको सफलता न्युयोर्कमा नेपालको आवाज कति सुनियो भन्ने कुराले नभएर त्यो आवाजबाट नेपालमा कति ठोस सहकार्य, अवसर र परिणाम सिर्जना भयो भन्ने कुराले निर्धारण गर्नेछ। न्युयोर्कमा उठेको नेपालको आवाज काठमाडौं, हिमाल, पहाड, तराई र प्रत्येक नेपालीको जीवनमा देखिने परिणाममा रूपान्तरण हुनु नै यसको सबैभन्दा महत्त्वपूर्ण अर्थ हुनेछ।

(हाल अमेरिका) बाह्रखरीबाट

लहान दुर्गा...

अन्य पत्रकारहरुको टोलिद्धरा अनुगमन गराईएको थियो। मंदिरको निर्माण कार्य सके लगतै असोजको २५ गते घटस्थापनाको शुभ साईतमा उदघाटन गर्ने नगर प्रमुख चौधरीले बताए।

स्थानीयवासी तथा श्रद्धालुहरूको सहयोग र सहभागितालै मन्दिर निर्माण कार्यलाई अघि बढाउन महत्वपूर्ण भूमिका खेलेको बताइएको छ। निर्माण कार्य पूर्ण रूपमा सम्पन्न भएपछि मन्दिरमा नियमित पूजा–आराधना तथा विभिन्न धार्मिक कार्यक्रम सञ्चालन गर्न थप सहज हुने अपेक्षा गरिएको छ।

कमला पुल ...

नियन्त्रणका लागि सरकारले २५ करोड रुपियाँ बजेट सुनिश्चित गरिसकेको छ। डिजाइन स्वीकृत गरी आह्वान गरिएको टेन्डरमा जेभीसहित १९ वटा कम्पनीले सहभागिता जनाएका छन्। आगामी साता प्राविधिक मूल्याङ्कन सम्पन्न गरी आर्थिक प्रस्ताव खोल्ने तयारी रहेको मन्त्रालयले जनाएको छ।

कमला पुल भासिएपछि पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड', पूर्वविभागीय मन्त्री तथा मधेश प्रदेशका मुख्यमन्त्रीलगायतले पटकपटक स्थलगत निरीक्षण गरे पनि पुल मर्मत तथा पुनःसञ्चालनको काम अघि बढ्न सकेको थिएन। पछिल्लो समय पुल सञ्चालनका लागि पहल बढेको सिरहा विकास मञ्चका अध्यक्ष तथा लेखक रामरिझन यादवले बताउनुभयो।

रसुवा बाढी पीडितका ...

भएपछि प्रभावित परिवारलाई राहत तथा पुनःस्थापनामा सहयोग पुऱ्याउने उद्देश्यले उक्त रकम संकलन गरिएको नेपाली कांग्रेस सिरहा क्षेत्र नं १ का सभापति महेश प्रसाद चौधरी बताउन् भएको हो।

नेपाली कांग्रेस सिरहा क्षेत्र नं १ का नेता तथा कार्यकर्ताहरूको पहलमा संकलित रकम सम्बन्धित राहत कोषमार्फत बाढीपीडितसम्म पुऱ्याउने व्यवस्था गरिएको जनाइएको छ। संकटको समयमा पीडित परिवारलाई सहयोग गर्नु सामाजिक तथा मानवीय दायित्व भएकाले आफूहरूले सक्दो सहयोग गरेको नेपाली कांग्रेस सिरहा क्षेत्र नं १ का सभापति चौधरीले बताए साथै, बाढी तथा पहिरोबाट प्रभावित परिवारलाई राहत उपलब्ध गराउन अन्य व्यक्ति, संघसंस्था तथा समुदायलाई समेत सहयोगका लागि अपिल गरिएको छ।

यस सहयोगले विपद्का कारण समस्यामा परेका रसुवाका पीडित परिवारलाई राहत तथा दैनिक आवश्यकताका सामग्री व्यवस्थापनमा केही सहयोग पुग्ने अपेक्षा गरिएको छ।

खडेरीको जोखिम घटाउन पोखरी संरक्षण

विनय कर्ण

सप्तरी, ७ असोज। खडेरीको असर न्यूनीकरण तथा पानी संरक्षण र पुनर्भरण गर्ने उद्देश्यले सप्तरीको तिलाठी कोइलाडी गाउँपालिकामा पोखरी संरक्षण तथा सौन्दर्यीकरणको काम अघि बढाइएको छ। गाउँपालिका अन्तर्गतका सातवटा पोखरीमा सरसफाइ तथा जीर्णोद्धारको काम भइरहेको छ। वडा नम्बर ७ मा दुईवटा, वडा नम्बर ३ मा दुईवटा तथा वडा नम्बर ४, ६ र ८ मा एक-एकवटा गरी सातवटा पोखरीमा सरसफाइको काम भइरहेको हो।

पोखरी संरक्षणसँगै स्थानीय जलस्रोतलाई पुनर्जीवित गरी आगामी दिनमा खडेरीको असरबाट समुदायलाई जोगाउने उद्देश्य राखिएको छ। पोखरी सरसफाइ तथा संरक्षणको काममा सम्बन्धित वडाका सामुदायिक विपद् व्यवस्थापन समितिका पदाधिकारी तथा सदस्य परिचालन भएका छन्। यसबाट स्थानीयस्तरमै रोजगारीको अवसर प्राप्त हुनुका साथै आफ्नै गाउँठाउँमा रहेका जलस्रोत संरक्षणमा समुदायको सहभागिता बढेको जनचेतना अभियान नेपालका परियोजना संयोजक लक्ष्मण खत्रीले बताउनुभयो।

द कोकाकोला फाउन्डेसनको आर्थिक सहयोग, प्रोसपर ग्लोबलको साझेदारी तथा जनचेतना अभियान नेपालको आयोजनामा सञ्चालित 'नेपालमा पूर्वकार्यको सुदृढीकरण परियोजना' अन्तर्गत पोखरी संरक्षणको काम भइरहेको खत्रीले जानकारी दिनुभयो।

खडेरीमा पानीको आधार

खडेरीका कारण पानीका स्रोत सुक्दै जाने र कृषि कार्य प्रभावित हुने अवस्थामा पोखरी संरक्षणले स्थानीयस्तरमा पानी भण्डारणको आधार तयार गर्ने परियोजनाले जनाएको छ। वर्षायाममा सङ्कलन भएको पानी पोखरीमा भण्डारण गरी आवश्यकता परेको समयमा कृषि तथा अन्य प्रयोजनमा उपयोग गर्न सकिने भएकाले पोखरी संरक्षणलाई



प्राथमिकता दिइएको खत्रीले बताउनुभयो।

"पोखरीको जीर्णोद्धारले जलस्रोतको संरक्षणसँगै खडेरीको असरबाट बच्न, भू-जल पुनर्भरण गर्न, कृषि कार्यमा पानीको प्रयोग गर्न र छठजस्ता सांस्कृतिक पर्वमा समेत उपयोग गर्न सहयोग पुग्ने उद्देश्यले पोखरीको जीर्णोद्धार गरिँदै छ," उहाँले भन्नुभयो। पोखरीमा पानी जम्मा हुँदा जमिनमुनिको पानीको पुनर्भरणमा समेत सहयोग पुग्ने भएकाले स्थानीय जलचक्र कायम राख्न पोखरी संरक्षण महत्वपूर्ण हुने उहाँको भनाइ छ।

सरसफाइपछि मर्मत र वृक्षारोपण

हाल पोखरीबाट फोहोर तथा झारपात हटाउने, पानीको बहाव तथा भण्डारणमा अवरोध पुऱ्याउने वस्तु हटाउने लगायतका काम भइरहेका छन्। सरसफाइको काम सम्पन्न भएपछि आवश्यक मर्मत तथा पोखरी आसपास वृक्षारोपणसमेत गरिने परियोजनाका प्राविधिक अधिकृत गजेन्द्रप्रसाद अधैयाले जानकारी दिनुभयो।

पोखरीको संरक्षणसँगै आसपासको क्षेत्रलाई व्यवस्थित र हरियाली बनाउने योजना रहेको उहाँले बताउनुभयो। "यसबाट पानी संरक्षणसँगै वातावरणीय सुधारमा समेत सहयोग पुग्ने छ," उहाँले भन्नुभयो। तिलाठी कोइलाडीका ग्रामीण क्षेत्रमा पोखरी परम्परागत रूपमा पानीको स्रोतका रूपमा प्रयोग हुँदै आएका छन्। कृषि कार्यका अतिरिक्त छठलगायतका सांस्कृतिक तथा धार्मिक पर्वमा समेत पोखरीको प्रयोग हुने भएकाले जीर्ण पोखरीको संरक्षणले स्थानीय समुदायको दैनिक जीवन र संस्कृतिसँग समेत प्रत्यक्ष सम्बन्ध राख्ने गेर सलहेश सामुदायिक विपद् व्यवस्थापन समितिका अध्यक्ष इन्द्रदेव सरदारले बताउनुभयो।

जलवायु परिवर्तनका कारण वर्षाको स्वरूपमा आएको परिवर्तन र लामो समयसम्म पानी नपर्ने अवस्थाले पानीका स्रोतमा दबाब बढिरहेका बेला स्थानीय जलस्रोतको संरक्षणलाई दीर्घकालीन उपायका रूपमा अघि बढाइएको जनचेतना अभियान नेपालले जनाएको छ।

चेम्बरले उद्योगमन्त्रीलाई बुझायो व्यापारिक उधारो असुली सम्बन्धी विधेयकको प्रारम्भिक मस्यौदा

काठमाडौं, ७ असोज। नेपाल चेम्बर अफ कमर्सले उद्योग तथा व्यवसाय क्षेत्रमा लामो समयदेखि देखिँदै आएको व्यापारिक उधारो रकम असुली समस्या समाधानका लागि तयार गरिएको 'व्यापारिक उधारो रकम असुली विधेयक २०८३' को प्रारम्भिक मस्यौदा उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दीपककुमार साहलाई हस्तान्तरण गरेको छ।

चेम्बर अध्यक्ष कमलेशकुमार अग्रवाल नेतृत्वको चेम्बर प्रतिनिधिमण्डलले बुधबार मन्त्री साहलाई भेट गरी उक्त मस्यौदा हस्तान्तरण गरेको हो। व्यापारिक कारोबारमा वस्तु तथा सेवा बिक्री गरेपछि लामो समयसम्म रकम भुक्तानी नहुँदा उद्योगी तथा व्यवसायीको कार्यशील पूँजीमा दबाब पर्ने, नगद प्रवाह प्रभावित हुने र कारोबार विस्तारमा समस्या आउने अवस्था सम्बोधन गर्ने उद्देश्यले मस्यौदा तयार गरेको चेम्बर अध्यक्ष अग्रवालले बताए।

मस्यौदाले वस्तु तथा सेवा बिक्री गर्दा जारी भएको बिलबिजकलाई नै बिक्रीसम्बन्धी करारको आधार मान्ने प्रस्ताव गरेको छ। लिखित वा विद्युतीय माध्यमबाट भएको खरिद अनुरोध, त्यसमा विक्रेताको सहमति र जारी गरिएको बिक्री बिजकलाई समेत कारोबारको प्रमाणका रूपमा स्वीकार गर्ने व्यवस्था प्रस्ताव गरिएको छ। चेम्बरले तयार पारेको मस्यौदामा कारोबारको भुक्तानी समयसीमा,



उधारो असुलीका लागि छुट्टै समिति, एक महिनाभित्र असुली प्रयास, अदालत जानुअघि समितिबाट उपचार खोज्नुपर्ने, सम्पत्ति रोक्का र अन्तरिम आदेशको व्यवस्था, मिलापत्रलाई प्राथमिकता, नपाएको रकममा भ्याट क्रेडिट समायोजन प्रस्ताव, खराब ऋणलाई कर प्रयोजनमा खर्च कट्टी गर्न सकिने लगायत बुँदा समेटिएका छन्।

मस्यौदाको अर्को महत्त्वपूर्ण पक्ष उधारो रकम असुल हुन नसक्दा वा मिलापत्र मार्फत छुट दिइएको अवस्थामा भ्याट समायोजन सम्बन्धी व्यवस्था हो। मस्यौदाअनुसार उधारो रकम असुलीका लागि दाबी वा उजुरी गर्दा सम्बन्धित बिजक आन्तरिक राजस्व विभागको कम्प्युटरकृत प्रणालीमा दर्ता भएको वा प्रचलित कर कानुन बमोजिम जारी भएको आधिकारिक कर बिजक हुनुपर्ने छ।

विक्रेताले बिजक जारी गर्दा भ्याट दाखिला गरिसकेको तर क्रेताले बिजक बमोजिम रकम भुक्तानी नगरेको अवस्थामा वा यस ऐन बमोजिम मिलापत्र हुँदा पूर्ण वा आंशिक रकम छुट दिइएको अवस्थामा, भुक्तानी हुन नसकेको वा छुट दिइएको रकममा लाग्ने भ्याटलाई विक्रेताले आगामी कर अवधिमा कर क्रेडिटका रूपमा समायोजन गर्न पाउने प्रस्ताव गरिएको छ।

मस्यौदाले असुल हुन नसकेको वा मिलापत्र मार्फत मिनाहा दिइएको उधारो रकमलाई आयकर ऐन २०५८ को अधीनमा रही विक्रेताले सोही कर वर्षको खराब ऋण वा व्यापारिक नोक्सानीका रूपमा करयोग्य आयबाट कट्टी गर्न पाउने व्यवस्था पनि प्रस्ताव गरेको छ। यसका लागि समिति वा अदालतले प्रमाणित विवरण सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा पठाउने व्यवस्था प्रस्ताव गरिएको छ।

लालबन्दी-सलेमपुर प्रसारण लाइन सञ्चालन

काठमाडौं, ७ असोज। सर्लाहीको लालबन्दी नगरपालिका-१ स्थित नवलपुर सबस्टेसनदेखि चक्रघट्टा गाउँपालिका-७, चैनपुरासम्मको लालबन्दी-सलेमपुर १३२ केभी डबल सर्किट प्रसारण लाइन सञ्चालनमा आएको नेपाल विद्युत् प्राधिकरणले जनाएको छ। यो आयोजना अन्तर्गत चैनपुरामा निर्माण गरिएको १३२/३३/११ केभी सबस्टेसनसमेत सञ्चालनमा आएको छ।

सबस्टेसनमा १३२/३३ केभी, ३० एमभिए क्षमताका दुई वटा तथा ३३/११ केभी, २४ एमभिए क्षमताको एक पावर ट्रान्सफर्मर जडान गरिएको छ। यससँगै सबस्टेसनको कुल क्षमता ८४ एमभिए रहेको जनाइएको छ। स्थानीय क्षेत्रमा विद्युत् वितरणका लागि सबस्टेसनबाट ३३ केभीका पाँच वटा र ११ केभीका छ वटा फिडर निकालिएका छन्। प्रसारण लाइन र सबस्टेसन सञ्चालनमा आएपछि सर्लाहीको मलङ्वा, हरिपुर, हरिपूर्वा, डुमरिया, बरहथवालगायतका क्षेत्रमा विद्युत् आपूर्ति थप भरपर्दो र गुणस्तरीय हुने अपेक्षा प्राधिकरणले गरेको छ। यसबाट विद्युत् चुहावट घट्नुका साथै न्युन भोल्टेज, बारम्बार हुने विद्युत् विच्छेद (ट्रिपिङ) लगायतका समस्या न्यूनीकरण हुने छन्। नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक दीर्घायुकुमार श्रेष्ठले यो संरचना निर्माण भएपछि सो क्षेत्रका ग्राहकलाई पर्याप्त भोल्टेजसहित भरपर्दो र गुणस्तरीय विद्युत् सेवा उपलब्ध हुने बताउनुभयो।

छुवाछुत एक सामाजिक अपराध र मानव अधिकारको हनन् हो।

गोदामबाट सामान लगेको विरोधमा महेन्द्रनगरका व्यापारी प्रदर्शनमा



विजयकुमार साह

धनुषा, ७ असोज। धनुषाको छिरेश्वरनाथ नगरपालिका–५ महेन्द्रनगरका स्थानीय व्यापारीले बुधबार बजार बन्द गरी प्रदर्शन गरेका छन्। जनकपुर भन्सार कार्यालयले स्थानीय व्यापारीको गोदाममा छापा मारेर सामान नियन्त्रणमा लिएको विरोधमा छिरेश्वरनाथ उद्योग वाणिज्य संघको अगुवाइमा व्यापारीले प्रदर्शन गरेका हुन्।

आइतबार जनकपुर भन्सार कार्यालय, सशस्त्र प्रहरी बल र नेपाल प्रहरीको संयुक्त टोलीले महेन्द्रनगरस्थित व्यापारी शिवशंकर साहको शंकर शम्भु जनरल स्टोरको गोदाममा छापा मारेर खर्बुजाको बीउ, बदाम, पार्ले चकलेटलगायतका सामान नियन्त्रणमा लिएको थियो। छिरेश्वरनाथ उद्योग वाणिज्य संघका अध्यक्ष सुरेश यादवले वैध रूपमा खरिद गरिएका सामानका बिलबिजक हुँदाहुँदै प्रशासनले गोदामको ताला तोडेर सामान उठाएर लगेको विरोधमा बजार बन्द गरी प्रदर्शन गर्नुपरेको बताउनुभयो।

कागजातको अध्ययन नगरी सामान नियन्त्रणमा लिने कार्यले व्यवसायीलाई निरुत्साहित बनाएको बताउँदै उहाँले सामानको स्रोत र वैधताबारे आवश्यक अनुसन्धान गरेर मात्र कारबाही अघि बढाउन माग गर्नुभयो। यसअघि व्यापारी साहले पत्रकार सम्मेलन गरी आफूले नियमित रूपमा कर तिर्दै आएको र गोदाममा रहेका सामानका खरिद तथा बिक्रीसम्बन्धी बिलबिजक रहेको दाबी गर्नुभएको थियो।

उहाँले करिब ७५ देखि ८० लाख रुपियाँ बराबरको सामान लगिएको दाबी गर्दै खर्बुजाको बीउ मात्रै करिब ३२ लाख रुपियाँ बराबरको रहेको बताउनुभएको थियो। व्यापारी साहले अधिकांश सामान नेपाली उत्पादन तथा वैध रूपमा खरिद गरिएका रहेको दाबी गर्नुभयो। उहाँका अनुसार आफूले नियमित रूपमा कर तिर्दै आएको र आफ्नो व्यवसायका करसम्बन्धी कागजातसमेत अद्यावधिक रहेका छन्।

यता, जनकपुर भन्सार कार्यालयका प्रमुख भन्सार अधिकृत मानबहादुर पौडेलले भारतबाट तस्करी गरी नेपाल भित्र्याइएको खुलेपछि गोदाममा छापा मारेर सामान नियन्त्रणमा लिइएको बताउनुभयो। उहाँले १६ लाख ९६ हजार रुपियाँ बराबरको सामान नियन्त्रणमा लिइएको जानकारी दिनुभयो।

मालपोत कार्यालयका तत्कालीन प्रमुखसहित १२ जनाविरुद्ध मुद्दा दायर

काठमाडौं, ८ असोज। अख्तियार दुरूपयोग अनुसन्धान आयोगले कालिकोटका तत्कालीन कार्यालय प्रमुख नेत्रबहादुर शाहीसहित १२ जनाविरुद्ध भ्रष्टाचार मुद्दा दायर भएको छ। सरकारी तथा सार्वजनिक प्रकृतिको जग्गा व्यक्तिको नाममा दर्ता गराएको आरोपमा तत्कालीन कार्यालय प्रमुख शाही,कम्प्यु अपरेटर विरेन्द्रबहादुर शाही,नायब सुब्बा मुकुन्द बस्नेत,कार्यालय सहयोगी (करार)भक्त बहादुर शाहीविरुद्ध मुद्दा दायर भएको हो। तत्कालीन कार्यालय प्रमुख नेत्र,कम्प्युटर अपरेटर विरेन्द्र र नायब सुब्बा मुकुन्दविरुद्ध १ करोड ७६ लाख हजार ८६ हजार ८०० रुपैयाँ विगो माग गरिएको छ। कार्यालय सहयोगी बस्नेतमाथि ७५ लाख ९२ हजार ४०० रुपैयाँ विगो माग गरेको छ।

यस्तै तत्कालीन भूमि सम्बन्धी समस्या समाधान आयोग जिल्ला समितिका अध्यक्ष धिरबहादुर बम,सोही समितिका विज्ञ सदस्य रमेश नेपाली,सदस्य राजेन्द्र बहादुर थापाविरुद्ध पनि भ्रष्टाचार मुद्दा दायर गरेको अख्तियारले जनाएको छ। उनीहरूविरुद्ध १ करोड ७६ लाख ८६ हजार ८ सय रुपैयाँ विगो र सजायको माग गरिएको छ। आयोगले कित्ता नम्बर १७७२ को जग्गा प्राप्त गर्ने अंखपुरा शाही,कित्ता नम्बर ५७२ को जग्गा प्राप्त गर्ने प्रदिपे दमाइ,कित्ता नम्बर ९२१ को जग्गा प्राप्त गर्ने दिप बहादुर शाही र कित्ता नम्बर ९२१ को जग्गा खरिद गर्ने नरेन्द्र बहादुर थापालाई पनि विपक्षी बनाइ बुधबार विशेष अदालतमा आरोप पत्र दायर गरेको हो। कित्ता नम्बर १७७२ को जग्गा प्राप्त गर्ने शाहीलाई ४३ लाख ८८ हजार ४००,कित्ता नम्बर ५७२ को जग्गा प्राप्त गर्ने दमाइलाई ५७ लाख ६ हजार ,कित्ता नम्बर ९२१ को जग्गा प्राप्त गर्ने दिपबहादुरलाई ७५ लाख ९२ हजार ४०० विगो माग गरेको आरोप पत्रमा उल्लेख छ।

सरकारी प्रकृतिको जग्गा एक आपसी मिलेमतोमा आफूहरूलाई गैरकानुनी लाभ र सरकारलाई हानीनोक्सानी पुऱ्याउने बदनियतले व्यक्तिको नाममा सिफारिस गरेको उनीहरूमाथि आरोप छ।

बाढीमा बेपत्ता भएकाको परिवारलाई प्रतीक्षाको पीडा



अजय शाह

महोत्तरी, ७ असोज। भदौ १० गते रसुवामा आएको विनाशकारी बाढीपहिरोले महोत्तरीका नौ परिवारको जीवनमा समय रोकिए जस्तै भएको छ। विपत्मा परी आफन्त सम्पर्कविहीन भएकाका परिवारलाई आफ्नो मान्छेको खबर कहिले आउला भन्ने मात्रै लागिरहन्छ। बाढीपहिरोको घटना भएको २५ दिन बितिसक्दा पनि सम्पर्कविहीन आफन्तको अवस्था यकिन हुन नसक्दा परिवारमा आशा र निराशाले गाँजिरहेको छ। मृत्युको पुष्टि भएको छैन, जीवित रहेको खबर पनि आएको छैन।

चाडपर्वको मौसम नजिकिँदै जाँदा उनीहरूको पीडा झन् गहिरिएको छ। दसैँको जमरा राख्ने, टीका लगाउने र परिवारसँग बसेर खुसी साट्ने दिन नजिकिँदै छन्। त्यसपछि तिहार र छठ पनि आउँदै छन् तर सम्पर्कविहीन आफन्तको अनुहार नदेखी यी चाडपर्व कसरी मनाउने भन्ने प्रश्नले परिवारलाई सताउन थालेको छ। यही संवेदनशील अवस्थालाई ध्यानमा राख्दै जिल्ला सुरक्षा समिति महोत्तरीले सम्पर्कविहीनका परिवारसँग स्थलगत भेटघाट थालेको छ। समितिको टोलीले हालसम्म पिपरा–३ का विकास यादव, जलेश्वर–१० का सुशीललाल दास, मटिहानी–७ का गङ्गाराम मण्डल र जलेश्वर–७ का हसान अन्सारीका परिवारसँग भेट गरेको छ।

भेटका क्रममा परिवारले खोजीको अवस्था, उद्धार तथा पहिचान प्रक्रियाको प्रगति र आफन्तको सम्भावित अवस्थाबारे जानकारी मागेका थिए। प्रशासनले सम्बन्धित निकायसँग समन्वय गरी खोजी तथा उद्धारको प्रयास भइरहेको जानकारी गराएको छ। प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादवले सम्पर्कविहीन आफन्तका परिवारको पीडा अत्यन्त संवेदनशील रहेको बताउनुभयो। उहाँले भन्नुभयो, "परिवारले भोगिरहेको पीडालाई प्रशासनले गम्भीरतापूर्वक लिएको छ। खोजी तथा उद्धारका प्रयासबारे परिवारलाई जानकारी गराउँदै आवश्यक समन्वय र सहयोग निरन्तर गरिने छ।"

दुई महिनामा साढे ३ अर्बको धानचामल आयात

काठमाडौं, ७ असोज। चालु आर्थिक वर्ष २०८३/८४ पहिलो दुई महिना (साउन र भदौ) मा नेपालमा करिब साढे ३ अर्ब रुपैयाँको ४५ हजार टनभन्दा बढी धानचामल आयात भएको छ। भन्सार विभागको तथ्यांक अनुसार चालु आव पहिलो दुई महिना अवधिमा कुल ४५ हजार ५ सय ४३ टन (४ करोड ५५ लाख ४३ हजार ९ सय ५६ किलो) धानचामल आयात भएको हो। यसका लागि मुलुकबाट कुल ३ अर्ब ३७ करोड ७७ लाख ७५ हजार रुपैयाँ बाहिरिएको छ। गत आव २०८२/८३ सोही अवधिमा भने १ लाख ६ हजार १७ टन (१० करोड ६० लाख १७ हजार २ सय ३२ किलो) धानचामल आयात भएको थियो। त्यसबेला धानचामल खरिदका लागि मात्रै ५ अर्ब ६१ करोड ३१ लाख १७ हजार खर्च भएको थियो।

यी दुई वर्षको तथ्यांक तुलनात्मक अध्ययन गर्दा गत वर्षको दाँजोमा यस वर्ष धानचामल आयातमा परिमाण र रकम दुवै हिसाबले ठूलो कमी आएको छ। चालु आवको समीक्षा अवधिमा सबैभन्दा बढी अन्य चामल १९ हजार ६ सय ३९ टन आयात भएको छ, जसको मूल्य १ अर्ब ३९ करोड २८ लाख ३ हजार रुपैयाँ बराबर छ।

त्यसैगरी बासमती चामल ८ हजार ८ सय ६८ टन भित्रिएको छ। यसका लागि १ अर्ब २१ करोड २० लाख ५ हजार खर्च भएको छ। कच्चा धानतर्फ १६ हजार ४ सय ९ टन आयात हुँदा ७४ करोड ६६ लाख २२ हजार रुपैयाँ विदेशिएको छ। यसबाहेक ६ सय २५ टन कनिका २ करोड ५७ लाख ४५ हजार रुपैयाँमा आयात भएको छ।

जसमा ६७ किलो धानको बिउ ५ लाख १ हजार रुपैयाँ र ७ सय ७५ किलो खैरो चामल ९९ हजार रुपैयाँमा खरिद भएको तथ्यांकमा उल्लेख छ। धान र चामल आयातबाट सरकारले चालु आव पहिलो दुई महिनामा कुल २७ करोड ४४ लाख ४८ हजार बराबर राजस्व संकलन गरेको छ। गत वर्ष सोही अवधिमा ४२ करोड ४ लाख ८२ हजार बराबर राजस्व संकलन भएको थियो।

अतिक्रमित चुरे तथा राष्ट्रिय वनको जमिन व्यवस्थापनमा चुनौती

रौतहट, ७ असोज। आफूलाई भूमिहीन तथा सुकुम्वासी बताउनेहरूले रौतहटको चुरे क्षेत्र तथा राष्ट्रिय वनको जमिन अतिक्रमण गरी बसाएका बस्ती हटाई वन व्यवस्थापन गर्ने कार्य चुनौतीपूर्ण देखिएको छ। सशस्त्र द्वन्द्वको समय र त्यसपछिको तरल राजनीतिक अवस्थाको फाइदा उठाउँदै विभिन्न राजनीतिक दलले भोटका लागि बसाएका त्यस्ता बस्ती हटाई वन व्यवस्थापन गर्न सम्बन्धित निकायलाई ठुलो चुनौती देखिएको छ।

राष्ट्रपति चुरे–तराई मधेश संरक्षण विकास समितिले चुरे संरक्षणका लागि विभिन्न कार्यक्रम सञ्चालन गर्दै आए पनि अतिक्रमित चुरे तथा वन क्षेत्र खाली गर्ने कार्य सफल हुन नसकेको समितिका पदाधिकारी बताउँछन्। बस्तीमा विभिन्न सरकारी तथा गैरसरकारी संस्थाले सडक, बिजुली, खानेपानी, विद्यालयजस्ता पूर्वाधार निर्माण गरेका कारण विस्तार भएका बस्ती विस्थापित गर्न झनै चुनौती थपिएको रङ्गपुर साझेदारी वन व्यवस्थापन समितिका अध्यक्ष अशोक यादव बताउनुहुन्छ।

सामान्यतया पूर्ण रूपमा नखाँदिएको खुकुलो पत्रे चट्टान रहेको र महाभारतबाट बग्ने नदीहरू यही चुरे क्षेत्र हुँदै तराईतर्फ बग्ने भएकाले प्राकृतिक रूपमा यो क्षेत्र अत्यन्त संवेदनशील मानिन्छ। यस्तो संवेदनशील चुरेको तटीय क्षेत्रमा मनोमानी रूपमा बसोबास गरेका तथा बसाइएका बस्ती र ती क्षेत्रमा बसाइँ सरी आउनेहरूले वर्षेनी चुरे क्षेत्र फँडानी गरी जमिन विस्तार गरेर बालीनाली लगाउने तथा चुरे हुँदै बग्ने नदीबाट नदीजन्य पदार्थको दोहन गर्ने क्रम बढेकाले चुरे संकटको अवस्थामा पुगेको सरोकारवालाहरूको ठहर छ।

डिभिजन वन कार्यालयको अभिलेखअनुसार जिल्लाको कुल भू–भागमध्ये करिब २९ हजार ४ सय हेक्टर जमिन वनले ओगटेको छ। जसमध्ये चुरेको तटीय क्षेत्रसहित करिब ३२ देखि ३३ सय हेक्टर वन क्षेत्रको जमिन अतिक्रमित छ। अतिक्रमित उक्त क्षेत्रमा ४२ सयभन्दा बढी घरधुरी रहेको बताइएको छ। उक्त परिमाणको जमिनमा बसोबास गर्ने करिब २० हजार जनसङ्ख्यालाई त्यहाँबाट हटाउन ठुलो चुनौती रहेको डिभिजन वन कार्यालय रौतहटका प्रमुख मञ्जुर अहम्मदले बताउनुभयो।

उहाँका अनुसार राज्यले प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा वन अतिक्रमण नियन्त्रण समिति गठन गरेको छ। समितिले सर्वपक्षीय समन्वय गरी वन ऐनबमोजिम अतिक्रमित जमिन खाली गराई वन व्यवस्थापन गर्ने कार्य गर्ने छ। डिभिजन वन कार्यालयले अतिक्रमित जमिन स्वेच्छाले खाली गर्न पटक–पटक सूचना जारी गरे पनि त्यसको कार्यान्वयन हुन सकेको छैन।

चन्द्रपुर नगरपालिकाका पूर्वमेयर रामचन्द्र चौधरी भन्नुहुन्छ, "वन फँडानी, अतिक्रमण र नदीजन्य पदार्थको उच्च दोहनले चुरे दिनप्रतिदिन कमजोर बन्दै गएको छ। चुरे अतिक्रमण रोकिएन भने एक दिन तराई–मधेशका नागरिकले बाढी, पहिरो, भू–क्षयजस्ता ठुला प्राकृतिक विपत्ति भोग्नुपर्ने अवस्था नआउला भन्न सकिन्न।"

मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक :** राम बाबु यादव, **सम्पादक** : कमलेश कुमार यादव, **सह-सम्पादक :** सत्य नारायण चौधरी, **कानुनी सल्लाहाकार**: कृष्ण प्रसाद दंगाल **कम्प्यूटर ले-आउट : मार्गानुगामी दैनिक कार्यालय :** गोलबजार न.पा-६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ *e-mail :* mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक** : न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)